मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०५/२३)

प्रस्तुत विषयमा मिति २०७७/०५/१४ को निर्णयानुसार यस मेलम्ची नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा स्वीकृत दरबन्दी अनुसार रिक्त रहेका विभिन्न समुह, तह र पदहरुमा करार सम्झौताबाट पदपूर्ति गर्ने भएकोले सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।यस सूचना बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र आवश्यक कागजातहरु संलग्न राखी राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन अनुरोध छ ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | २/०७७/०७८ | हेल्थ असिष्टेन्ट | सहायक पाँचौ तह सरह | ५ जना |
| २ | ३/०७७/०७८ | अ.हे.व | सहायक चौथो तह सरह | ६ जना |
| ३ | ४/०७७/०७८ | अ.न.मि | सहायक चौथो तह सरह | १ जना |
| ४ | ५/०७७/०७८ | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ जना |

१. आवश्यक न्युनतम योग्यता :

- हेल्थ असिष्टेन्ट पाँचौ तहको लागी मान्यता प्राप्त संस्थाबाट सामान्य चिकित्सामा प्रविणता प्रमाणपत्र तह(Health Assistant) उत्तिर्ण गरि सम्बन्धित परिषद्(Council) मा दर्ता तथा नवीकरण भएको ।
- अ.हे.व. चौथो तहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट सि.एम.ए. तालिम उत्तीर्ण गरी सम्बन्धित परिषद्(Council) मा दर्ता तथा नवीकरण भएको ।
- अ.न.मी. चौथो तहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. तालिम उत्तीर्ण गरी सम्बन्धित परिषद्(Council) मा दर्ता तथा नवीकरण भएको ।
- कार्यालय सहयोगीको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट ८(आठ) कक्षा उत्तीर्ण गरी साधारण लेखपढ गर्न जान्ने ।

२. उमेरः १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

३. दरखास्त दिने स्थानः मेलम्ची नगरपालिकाको कार्यालय ।

४. दरखास्त दिने अन्तिम मितिः २०७७/०६/०६ गते ।

५. आवेदनको दस्तुरः चौथो तह र पाँचौ तहको लागि रु. ५००।– (पाँच सय), कार्यालय सहयोगीको लागि रु. ३००।-(तीन सय) ।

६. छनौटको किसिमः

- चौथो तह र पाँचौ तहको लागि प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा र अन्तरवार्ता ।
- कार्यालय सहयोगीको लागि प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता ।

७. आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजात संलग्न गर्नुपर्नेछ ।

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- आवश्यक न्युनतम शैक्षिक योग्यताको लब्धांक पत्रको प्रतिलिपी,
- हे.अ., अ.हे.व. र अ.न.मी. पदको हकमा सम्बन्धीत परिषदमा दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपी,
- चारित्रिक प्रमाण पत्रको प्रतिलिपी,
- अनुभव खुल्ने कागजात तथा तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपी,
- पासपोर्ट साइजको फोटो २ प्रति,
- राजश्व तिरेको रसिद ।

८. सेवा सुविधाः प्रचलित कानून बमोजिम।

नोटः आवेदनको ढाँचा तथा लिखित परीक्षाको पाठ्यक्रम मेलम्ची नगरपालिकाको वेव साइटः www.melamchimun.gov.np उपलब्ध छ ।

२०७७/०५/२२
कुमार प्रसाद कोइराला
प्रमुख प्रशासकीय अधिकृत

फोन नं :०११-४०११४१, ०११-४०११४२, ०११ वेवसाइड :www.melamchimun.gov.npई-मेल dms.melamchimun@gmail.com
"मेलम्ची नगर सम्बृद्धिको आधार - कृषि, पर्यटन,उद्योग र जलाधार"